आज मिति २०७४ साल भाद्र ११ गते आईतबार दिनको १.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठको अध्यक्षतामा सातौं बैठक बस्यो । उपस्थिति निम्नानुसार छन् ।

## उपस्थिति

### उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ | उपस्थित |
| २. उप प्रमुख श्री विमला कुमारी चौलागाई शर्मा | उपस्थित |
| ३. वडा अध्यक्ष श्री राजन काईराला | उपस्थित |
| ४. वडा अध्यक्ष श्री विनोद पराजुली | उपस्थित |
| ५. वडा अध्यक्ष श्री रविन्द्र कर्मचार्य | उपस्थित |
| ६. वडा अध्यक्ष श्री गंगा सागर रजिंतकार | उपस्थित |
| ७. वडा अध्यक्ष श्री सञ्जय कोजु | उपस्थित |
| ८. वडा अध्यक्ष श्री रोमी प्रसाद व्याञ्जु | उपस्थित |
| ९. वडा अध्यक्ष श्री निराजन जंगम | उपस्थित |
| १०. वडा अध्यक्ष श्री पृष्पराज राउत | उपस्थित |
| ११. वडा अध्यक्ष श्री विष्णु धिताल | उपस्थित |
| १२ वडा अध्यक्ष श्री हर्क बहादुर तामाङ | उपस्थित |
| १३ वडा अध्यक्ष श्री रमेश प्रसाद घोरासाइन | उपस्थित |
| १४.वडा अध्यक्ष श्र बसन्त बहादरु रानाभाट | उपस्थित |
| १५. नगर कार्यपालिका सदस्यहरु श्री जमुन देवी लामा तामाङ | उपस्थित |
| १६. " " श्री रसिला तामाङ लामा | उपस्थित |
| १७. " " श्री रोजना श्रेष्ठ | उपस्थित |
| १८. " " श्री सन्जु तामाङ | उपस्थित |
| १९. " " श्री संगिता श्रेष्ठ | उपस्थित |
| २०. " " श्री अर्जुन बहादुर भुजेल | उपस्थित |
| २१. " " श्री कृष्ण बहादरु भुजेल | उपस्थित |
| २२. " " श्री सुमेश परीयार | उपस्थित |
| २३. कार्यकारी अधिकृत श्री महेश बराल | उपस्थित |

**विषय बस्तु**

१) वडा नं. २ को कार्य वाहक अध्यक्ष तोक्ने ।
२) जन सेवा पुरस्कार स्थापना ।
३) राजन कोईराला वातावरणमैत्री उद्यान नामाकरण ।

**निर्णयहरु**

**निर्णय नं. १**

यस नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री राजन कोईरालाज्यूको आसामयीक निधन भै वडा अध्यक्षको रुपमा सेवा ग्राहीहरुलाई प्रदान गरीने सेवा तथा विकास निर्माणको समन्वय लगायतका कार्यहरुमा गंभीर प्रभाव पर्न गएकोले धुलिखेल नगरपालिका, नगर कार्यपालिका, कार्य विभाजन नियमावली, २०७४ को दफा ८ बमोजिम वाधा अड्काउ फुकाई उप निर्वाचन नभए सम्म वा अर्को आदेश नभए सम्म वडा सदस्य हरु मध्ये जेष्ठ वडा सदस्य श्री टिका वल्दव सापकोटा लाई कार्य वाहक वडा अध्यक्षको रुपमा कामकाज गर्ने गरी तोक्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

विविध दवाव तथा तनावको बीच जनप्रतिनिधिहरुले जनताको काम गर्नु पर्ने भएकोले जनतालाई गुनासो रहित रुपमा सेवा पु-याउने जनप्रनिधिहरुलाई अझ सकृयतापूर्वक जन सेवामा जुट्न प्रेरणा मिलोस भनी, तथा जनप्रतिनिधि स्व.राजन कोईरालाको संकास्पद मृत्युबाट जनप्रतिनिधिहरु हतोत्साहीत तथा विचलित नहून भनी यस नगरपालिकाले वार्षिक रुपमा उत्कृष्ट जनप्रतिनिधिलाई प्रदान गर्ने गरी “जन सेवा पुरस्कार” स्थापना गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३**

चालु आ.व. मा उद्यान निर्माण तर्फ विनियोजित वजेट बाट वडा नं. २ मा निर्माण गरीने उद्यानको नामाकरण “राजन कोईराला वातावरणमैत्री उद्यान” नामाकरण गर्ने, तथा सो उद्यानमा निज कोईरालाको अर्धकदको शालिक स्थापना गर्न र उद्यान निर्माणमा आवश्यक थप श्रोतको व्यवस्था आगामी नगर सभाबाट गर्ने निर्णय गरीयो ।